गाउँकार्यपालिका बैठक क्रम संख्याः ३७
बैठक मितिः २०८१।१२।२९
बैठक स्थानः सिम्रुतु खारानेटा
बैठकको अध्यक्षताः गणेश कुमार के.सी.

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसी, तपशिल बमोजिमका प्रस्तावहरूमा छलफल/अन्तरक्रिया/समिक्षा तथा निर्णय पारित गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी. | अध्यक्ष (गाउँपालिका अध्यक्ष) | | |
| २ | राजकुमारी रेउले | सदस्य (गाउँपालिका उपाध्यक्ष) | | |
| ३ | सुन्दर ओली | सदस्य (१ नं. वडाध्यक्ष) | | |
| ४ | मोतिराम पुन | सदस्य (२ नं. वडाध्यक्ष) | | |
| ५ | दिपेन्द्र कुमार ओली | सदस्य (३ नं. वडाध्यक्ष) | | |
| ६ | नन्नराम बाँठा | सदस्य (४ नं. वडाध्यक्ष) | | |
| ७ | रण वहादुर पुन | सदस्य (५ नं. वडाध्यक्ष) | | |
| ८ | भद्र वहादुर सिर्पाली | सदस्य (६ नं. वडाध्यक्ष) | | |
| ९ | धन वहादुर खड्का | सदस्य (७ नं. वडाध्यक्ष) | | |
| १० | नन्दराम खड्का | सदस्य (८ नं. वडाध्यक्ष) | | |
| ११ | हरि वहादुर खड्का | सदस्य (९ नं. वडाध्यक्ष) | | |
| १२ | शेरमान खड्का | सदस्य (१० नं. वडाध्यक्ष) | | |
| १३ | जनक कुमार विश्वकर्मा | गाउँ कार्यपालिकासदस्य | | |
| १४ | लक्ष्मण कामी | गाउँ कार्यपालिकासदस्य | | |
| १५ | प्रेमा ओली | गाउँ कार्यपालिकासदस्य | | |
| १६ | चाँदनी पुन | गाउँ कार्यपालिकासदस्य | | |
| १७ | विष्णु सुनार | गाउँ कार्यपालिकासदस्य | | |
| १८ | देवकुमारी वुढाथोकी | गाउँ कार्यपालिकासदस्य | | |
| १९ | यज्ञ बहादुर भण्डारी | गाउँ कार्यपालिका सचिव एवं प्रमुख प्रशासकिय अधिकृत | | |

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

३७ औं बैठक

कार्यपालिका बैठक मितिः २०८१।१२।२९

# प्रस्तावहरु

१. योजना तथा कार्यक्रम कार्यप्रगति समिक्षा सम्बन्धमा।

२. नवनिर्मित प्रशासकीय भवनवाट कार्यालयको सेवा सुचारु गर्ने सम्बन्धमा।

३. अटो तथा ई-रिक्सा सञ्चालन तथा नियमन गर्ने सम्बन्धमा।

४. कर्मचारीको असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा।

५. अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोष आवद्दता कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा।

६. त्रिवेणी चक्रपथको प्रारम्भिक वातावरणी परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

७. विविध सम्बन्धमा।

(क) कर्मचारीको विदा व्यवस्थापन सम्बन्धमा।

(ख) बजेट योजना तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा।

यज्ञ वहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गणेश कुमार के.सी.
अध्यक्ष

**<u>निर्णय नं. १–</u>** त्रिवेणी गाउँपालकाको चालु आ.व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार स्वीकृत भएका योजना तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्थाको समिक्षा गर्दै सम्झौता तथा कार्यान्वयन गर्न बाँकी रहेका योजना तथा कार्यक्रमहरु मिति २०८२ बैशाख १५ गतेभित्र सम्झौता गरी कार्यान्वयन लिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय पारित गरियो।

**<u>निर्णय नं. २–</u>** त्रिवेणी गाउँपालकाको नयाँ प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई अफिस व्यवस्थापन गर्ने कार्य सम्पन्न भइसकेको र हाल पुरानो भवनवाट सेवा प्रवाह भइरहेकोमा तत्काले उक्त नवनिर्मित प्रशासकीय भवनमा कार्यालयका सामान सारी सेवा प्रवाह सुचारु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय पारित गरियो।

**<u>निर्णय नं. ३–</u>** त्रिवेणी गाउँपालकामा अन्तरगत पर्ने रासी राजमार्ग र अन्य ग्रामीण कृषि सडकहरुमा अनुमति तथा दर्ता स्वीकृत नलिइ जथावाभी अव्यवस्थित रुपमा अटो तथा ई-रिक्सा सञ्चालन गरी सवारी साधान तथा जनधनको क्षतिको जोखिम निम्तिन गएको हुँदा उक्त कार्यलाई व्यवस्थित र मर्यादित बनाउन त्रिवेणी गाउँपालिकावाट जारी भएको अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०७८ अप्राप्त भएकोले उक्त निर्देशिका खारेज गरी अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८१ जारी गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो।

**<u>निर्णय नं. ४–</u>** यस त्रिवेणी गाउँपालिका अन्तरगत पेउघा स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मि. छैटौं श्री इश्वरी चन्द शाही (क.सं.नं. १५३७१८) ले घरायसी कारण कार्यालयमा नियमित रुपमा उपस्थित भई सेवा गर्न असमर्थ भएकोले एक वर्षको लागी असाधारण विदा स्वीकृत गरिदिनुहुन भनि यस गाउँपालिका कार्यालयमा निवेदन पेश गर्नुभएकोमा कर्णाली प्रदेश सरकारवाट स्वीकृत भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को परिच्छेद-१३, नियम ८८ को उपनियम (१) मा भएको व्यवस्था बमोजिम मिति २०८२ जेठ १ गते देखि लागु हुनेगरी एक वर्षको असाधारण विदा स्वीकृत गर्ने निर्णय गर्नुका साथै श्री जनहित आधारभूत विद्यालय त्रिवेणी ९ चौतारमा प्राथिमकि तह प्रथम श्रेणीमा कार्यरत शिक्षक श्री भद्र बहादुर शाही (क.सं.नं. ५८६००) ले घरायसी कारण कार्यालयमा नियमित रुपमा उपस्थित भई सेवा गर्न असमर्थ भएकोले तीन महिनाको लागी असाधारण विदा स्वीकृत गरिदिनुहुन भनि यस गाउँपालिका कार्यालयमा निवेदन पेश गर्नुभएकोमा मिति २०८२ जेठ १ गते देखि लागु हुनेगरी तीन महिनाको असाधारण विदा स्वीकृत गर्ने पारित गरियो।

**<u>निर्णय नं. ५–</u>** त्रिवेणी गाउँपालिकाको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोष आवद्दता कार्यविधि, २०८१ को मस्यौदामा दफावार छलफल तथा अन्तरक्रिया भइ कार्यान्वयनमा लिन सहमति भइसकेको हुँदा उक्त कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा लिन निर्णय पारित गरियो।

**<u>निर्णय नं. ६–</u>**त्रिवेणी गाउँपालिका रुकुम पश्चिमको त्रिवेणी चक्रपथ अन्तरगत नुवाकोट भेरिपोखरा खुरखुरे झुल्नेटा कुरल खुम्चेरी लाइत जिवाङ सडक खण्ड स्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुदु, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गणेश कुमार के.सी.
अध्यक्ष